# देवचुली नगरपालिका

# स्थानीय राजपत्र

खण्डः४ संख्याः४

स्वीकृत मितिः२०७८/०६/१८

स्थानीय राजपत्रमा प्रकाशित मितिः२०७८/०६/२४

## भाग २

# जलस्रोत नियमावली, २०७८

देवचुली नगरपालिका राजपत्र

**प्रस्तावना :**

जलस्रोत ऐन, २०७७ को दफा २४ ले दिएको अधिकार प्रयोग गरि देवचुली नगरपालिकाले देहायका नियमहरू बनाएको छ .

परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो नियमावलीको नाम “देवचुली नगरपालिकाको जलस्रोत नियमावली, २०७८ ” रहेको छ ।

(२) यो नियमावली देवचुली नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) “ऐन” भन्नाले देवचुली नगरपालिकाको जलस्रोत ऐन, २०७७ सम्झनु पर्छ .

(ख) “नगर जलस्रोत समिति भन्नाले नियम ८ बमोजिमको देवचुली नगरपालिकाबाट गठित जलस्रोत समिति सम्झनु पर्छ ।

(ग) “अनुमतिपत्र” भन्नाले नियम १२ १४, वा २४ बमोजिम दिइने अनुमतिपत्र सम्झनु पर्छ ।

(घ) “सर्वेक्षण” भन्नाले जलस्रोत उपयोगको लागि गरिने या सम्भाव्य विस्तृत अध्ययन इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य समेत सम्झनु पर्छ ।

देवचुली नगरपालिका राजपत्र

(ङ) "उपभोक्ता" भन्नाले जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनुपर्नेछ ।

(च) "सेवा शुल्क" भन्नाले नेपाल सरकार र देवचुली नगरपालिका वा अनुमतिपत्र प्राप्त उपलब्ध व्यक्तिले गराएको जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे बापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनु पर्छ ।

## परिच्छेद- २
## उपभोक्ता संस्था

**३. उपभोक्ता संस्थाको गठनः**

संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न व्यक्तिहरूले पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जना भएको उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

**४. उपभोक्ता संस्था दर्ताको लागि दरखास्त दिनुपर्ने** :

नियम ३ बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरूमध्येबाट कम्तीमा सात जना उपभोक्ताहरूले अनुसूची - १ बमोजिमको ढाँचामा उपभोक्ता सस्थाको एकप्रति विधान सहित देवचुली नगरपालिका समक्ष दरखास्त दिनुपर्नेछ .

**५. विधानमा खुलाउनु पर्ने विरणहरूः**

नियम ४ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरू खुलाउनु पर्नेछः

(क) पुरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्य क्षेत्र,

देवचुली नगरपालिका राजपत्र

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन र राजीनामा,

(ङ) हक दावी, नामासारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य तथा अपधकार अधि सम्बन्धी)

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखा परीक्षण,

(ट) विधान संशोधन,

(ठ) विघटन,

(ड) विविध,

**६. दर्ता र प्रमाणपत्रः**

(१) नियम ४ बमोजिम पर्न आएको दरखास्त उपर देवचुली नगरपालिकाबाट गठित जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसुची -२ बमोजिमको ढाँचामा उपभोक्ता सस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा देवचुली नगरपालिका जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानुन बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरू यसै नियमावली बमोजिम दर्ता भएका मानिनेछन् ।

देवचुली नगरपालिका राजपत्र

## ७. विधान संशोधनः

उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपनार्को कुनै कारण भएमा सोको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा देवचुली नगरपालिका जलस्रोत समितिमा पेश गर्नु पर्नेछ र देवचुली नगरपालिका जलस्रोत समितिले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरि विधान संशोधन गर्न स्वीकृति दिन नगर कार्यपालिकालाई सिफारिस गर्ने छ ।

# परिच्छेद-३
# जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

## ८. देवचुली नगरपालिका जलस्रोत समितिः

(१) नगरपालिका क्षेत्र भित्र रहेको जलस्रोतको उपयोगको लागि ऐन दफा ८ को उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि देवचुली नगरपालिकामा एक जलस्रोत समिति रहनेछ ।

(२) जलस्रोत समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्,

(क) नगर प्रमुख - अध्यक्ष

(ख) प्रतिनिधि, देवचुली नगरपालिका कृषि शाखा - सदस्य

(ग) प्रतिनिधि, देवचुली नगरपालिका वन शाखा - सदस्य

(घ) प्रतिनिधि, देवचुली नगरपालिका सम्वन्धित विषय हेर्ने प्राविधिक - सदस्य

(ङ) खण्ड (ख) देखि (ङ) सम्म उल्लेखित प्रतिनिधि बाहेक जलस्रोतसंग सम्वन्धित कार्यालयका प्रतिनिधि - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव



देवचुली नगरपालिका राजपत्र

(३) जलस्रोत समितिले देवचुली नगरपालिका भित्र नेपाल सरकारद्वारा संचालित जलविद्युत आयोजना कार्यालयका प्रतिनिधि र सम्वन्धित वडाका अध्यक्षलाइ आवश्यकता अनुसार आमन्त्रण गर्न सक्ने छ ।

(४) देवचुली नगरपालिका जलस्रोत समितिको बैठक जलस्रोत समितिको अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

(५) बैठकको अध्यक्षता जलस्रोत समितिको अध्यक्षले गर्नेछ, अध्यक्षको अनुपस्थितिमा जलस्रोत समितिको सदस्यहरूले आफुमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(६) जलस्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ .

(७) जलस्रोत समितिमा कुनै विषयमा छलफल भै निर्णयमा पुग्न कठिन भइ विवादको एकिन गर्नुपर्ने भएमा उपस्थि सदस्य संख्याको दुई तिहाइ सदस्यहरूको मतलाई जलस्रोत समितिको निर्णय मानिनेछ ।

(८) जलस्रोत समितिको निर्णय जलस्रोत समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) जलस्रोत समितिको बैठक सम्बन्धी अन्य कार्यविधि जलस्रोत समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**९) देवचुली नगरपालिकाको समितिको संयुक्त बैठकः**

(१) जलस्रोतको उपयोगसँग सम्बन्धित कुनै काम एक भन्दाबढी जलस्रोत समितिहरूसँग सम्बन्धित भएमा सम्बन्धित सबै जलस्रोत समितिहरूको संयुक्त बैठकले यो नियमावली बमोजिमको अधिकारको प्रयोग गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको संयुक्त समितिको वैठकको अध्यक्षता सम्बन्धित जलस्रोत सम्बन्धी परियोजनाको संरचना वा त्यसको स्थान जुन जलस्रोत समितिको कार्यक्षेत्रभित्र पर्छ सोही जलस्रोत समितिको अध्यक्षले गर्नेछ ।

(३) जलस्रोत समितिको सचिवालयः जलस्रोत समितिको सचिवलाय सम्बन्धित पालिकाको प्र.प्र.अ.को कार्यालयमा रहनेछ .

**१२, जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने**

(१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुची- ३ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरणहरू खुलाइ जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फारम दिनु पर्नेछ

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने)

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या, र किसिम

(ङ) सर्वेक्षण गरिने जलस्रोतका क्षेत्र,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र सर्वेक्षणलागत (सञ्चालनको लागि समेत)

(छ) अन्य आवश्यक कुराहरू .

(२) उपनियम (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुसूची-८ मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतको दरले हुन आउने रकम अनुमतिपत्र सर्वेक्षण दस्तुर वापत बुझाउर्ने पर्नेछ .।

देवचुली नगरपालिका राजपत्र

## १३. दरखास्त उपर जाँचबुझः

(१) नियम १२ बमोजिम दरखास्त परेपछि ऐन र यस नियमावली बमोजिम दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात,विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्नेछ .

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश नभएको अवस्थामा त्यस्तो विवरण वा प्रतिवेदन पेश गर्न जलस्रोत समितिले सम्बन्धित सरोकारवालालाई मनासिब माफिकको म्याद तोकी दरखास्त परेको मितिले पन्ध्र दिनभित्र सूचना दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्ता कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै ऐनको दफा ८ को उपदफा (२) को प्रयोजनको को लागि दरखास्त परेको मिति मानिनेछ ।

## १४. सर्वेक्षण अनुमतिपत्र दिनेः

नियम १२ बमोजिम परेको दरखास्त उपर नियम वमोजिम जलस्रोत समितिले आवश्यक जाँचबुझ गरेपछि दरखस्तवालाको मागअनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसूची -४ बमोजिमको ढाँचामा दरखास्त वालालाई जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनु पर्नेछ .।

देवचुली नगरपालिका राजपत्र

**१५. सर्वेक्षण प्रतिवेदन पेशगर्नुपर्नेः**

नियम १४ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिनभित्र आफूले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन  जलस्रोत समिति समक्ष पेश गर्नु पर्नेछ ।

**१६. दोहोरो सर्वेक्षण अनुमति पत्र नदिइनेः**

नियम १४ बमोजिम दिइएको सर्वेक्षणपत्रमा अनुमतिमा उल्लेखित अवधिभर सोही क्षेत्रमा सोही कामको सर्वेक्षणगर्न अन्य कुनै व्यक्ति वा संगठित संस्थालाई दोहोरो पर्ने गरी अनुमतिपत्र दिइने छैन ।.

**१७. जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिने :**

(१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची -५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायको विवरणहरू खुलाइ जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फाराम दिनु पर्नेछः।

(क) परियोजनाको विस्तृत विवरण (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरूको नाम र तिनीहरूको संलग्नताको, किसिम परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संथाका सञ्चालकहरूको नाम, थर र वतन समेत :पष्ट रूपमा खुलाउनु पर्छ ।

(ख) सम्भाव्यताको विश्लेषण (परियोजनाको विस्तृत नक्शा सहित प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरूको विवरण)

देवचुली नगरपालिका राजपत्र

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाका लगानीकर्ताहरूको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरूको प्रतिवद्धता र लगनीकर्ताहरूको दायित्व  तथा पूजी र ऋणको प्रतिशत)

(घ) घर जग्गाको उपयोग वा प्राप्ती (परियोजना निर्माण कार्यको स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गा धनीहरूको लगत),

(ङ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकुल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरू तथा जलस्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरू,परियोजनाले सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको  अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग,परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरूले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानीय जनतालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरू, सुरक्षात्म व्यवस्था तथा परियोजना सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरूलाई पर्न सक्ने, असर विस्थापित जनसंख्याको लगत र तिनीहरूको पुनर्वासको लागि अपनाउन आवश्यक व्यवस्था समेत स्पष्ट रूपमा खुलाउनु पर्छ)

(च) अन्य आवश्यक कुराहरू .

देवचुली नगरपालिका राजपत्र

## १८. दरखास्त उपर जाँचबुझ

(१) नियम १७ बमोजिम दरखास्त प्राप्त भएपछि ऐन र यस नियमावली बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।.

(२) उपयिनम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको कागजात रहेनछ भने त्यस्ता विवरण वा प्रतिवेदन पेश गर्न जलस्रोत समितिले सम्बन्धित दरखास्त वालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले तीस दिनभित्र सो को सूचना दिनु पर्ने छ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा कागजात त्यस्तो प्राप्त हुन आउँछ सोही मितिलाई नै ऐनको दफा ८ को उपदफा (२) को प्रयोजन लागि दरखास्त परेको मिति मानिनेछ ।

## १९. सार्वजनिक सूचना प्रकाशित गर्नु पर्ने :

(१) नियम १७ बमोजिम जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि जलस्रोत समितिले नियम १८ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरू खुलाइ सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि जलस्रोतको उपयोग सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै प्रतिकुल उल्लेखनीयअसर पर्ने भएमा तत्सम्बन्धी विवरणहरू खुलाइ

देवचुली नगरपालिका

सूचना प्रकाशित भएको पैंतीस दिनभित्र सम्बन्धित जलस्रोत समिति समक्ष जो सुकैले पनि उजुरी दिन सक्नेछ.

(३) उपनियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई बिचारगरी जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकुल असर न्यूनतम गर्ने सम्वन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नुपर्ने कुराहरू अनुमतिपत्र दिदा तोकिदिनेछ .

(२०). **अनुमतिपत्र दिने** :

नियम १७ बमोजिमको दरखास्त उपर नियम १८ र १९ बमाोजिम कार्यविधि पूरा गरी गराइ जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनूसूची-६ बमोजिमको ढाँचामा दरखास्तवाला लाई जलस्रोतको उपयोग सम्बन्धी अनुमतिपत्र दिनु पर्नेछ ।

२१. **सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्यक्तिलाई परियोजना सञ्चालन अनुमतिपत्र गर्न प्रदान गरिने** :

नियम १४ बमोजिम सर्वेक्षणको अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले सर्वेक्षणगरे बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य पनि गर्न चाहेमा सर्वेक्षणगर्नुपर्ने कार्य म्याद भित्रै नियम १७ बमोजिमका विवरणहरू खुलाइ दरखास्त दिएमा यस नियमावलीको अन्य व्यवस्थाहरूको अधीनमा रही दरखास्तवालालाई प्राथमिकताका साथ नियम २० बमोजिम जलस्रोत उपयोगको अनुमतिपत्र दिन सकिनेछ ।

२२. **जलस्रोत माथि अधिकार कायम हुने :**

यस नियमावली बमोजिम जलस्रोतको उपयोगको सुनिश्चितता गरी उक्त कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा

देवचुली नगरपालिका राजपत्र

उल्लेख भए बमोजिमको कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्र सम्मको जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ , तर खानेपानी र सिंचाइमा खानेपानीलाइ प्रथमिकता दिनेछ.।

**२३. कार्यसम्पन्न गर्नुपर्ने अवधिः**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्वेक्षणको हकमा तीन महिनाभित्र जलस्रोतको र उपयोग सम्बन्धी कार्य सञ्चालनको हकमा एक वर्षभित्र भौतिक रूपमा कार्य सम्पन्न गरी सोको जानकारी सम्बन्धित जलस्रोत समितिलाई दिनु पर्नेछ । तर म्यादभित्र कार्यसम्पन्न गर्न नसकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा सम्बन्धित जलस्रोत समितिले त्यस्तो कारण यथेष्ट उचित देखेमा म्याद थप गर्न सक्नेछ

(२) उपनियम (१) बमोजिम कार्य सम्पन्न भएपछि प्रत्येक ६ महिनामाको कामको भएगरेको प्रगति विवरण अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षण वा निर्माणपन्न कार्यनभएसम्म जलस्रोत समिति समक्ष पठाउनु पर्नेछ ।.

**२४. नयाँ अनुमतिपत्र लिनुपर्ने :**

(१) ऐन प्रारम्भ हुनु अगावैदेखि रहेका जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले पनि नियम १७ मा उल्लेखित विवरणहरू खुलाइ ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र सम्बन्धित जलस्रोत उपयोगको अनुमति पत्रको लागि दरखास्त दिनेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्त वालालाई अनुसूची -७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।.

**२५. अनुमतिपत्र दस्तुर** :

यो नियमावली बमोजिमको जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुसूची -८ बमोजिम तोकिए अनुसार अनुमतिपत्र दस्तुर बुझाउनु पर्नेछ .।

**२६. अनुमतिपत्र नवीकरण गर्नेः**

(१) यो नियमावली बमोजिम जलस्रोको सर्वेक्षण उपयोगको लागि दिइएको अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधिको लागि अनुमतिपत्रको नवीकरण गर्नु पर्नेछ .

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा अनुसूची -८ मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।.

**२७. अनुमतिपत्र विक्री वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्ने** :

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तपरण गर्नु परेमा सम्बन्धित जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।.

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन उपर सम्बन्धित जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा अनु मतिपत्ररहेको अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा विक्री गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

परिच्छेद-४

जलस्रोत उपयोगको विवाद सम्बन्धी जाँचबुझ

**२८. जलस्रोत उपयोग जाँचबुझ समिति :**

(१) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहायका अध्यक्ष तथा सस्यहरूभएको एक जलस्रोत उपयोग जाँचबुझ समिति रहनेछः

(क) नगर प्रमुख अध्यक्ष

(ख) देवचुली नगरपालिकाको विषयगत समितिका संयोजक - सदस्य

(ग) विवाद स्थलको वडाका वडा अध्यक्ष सदस्य

(२) समितिले आवश्यक देखेमा संघीय तथा प्रदेश स्तरीय जलस्रोत मन्त्रालयका प्रतिनिधि तथा योजना आयोगका प्रदेश स्तरीय प्रतिनिधि समेतलाइ आमन्त्रण गर्न सक्ने छ।

(३) दुई वा दूई भन्दा बढी पालिकाहरुबीच जलस्रोतको उपयोग विवाद सम्बन्धी विषय भएमा उप नियम (१) को खण्ड (ख) बमोजिम विवाद सँग सम्बन्धित पालिकाका प्रत्येक जिल्ला समन्वय समितिका एक एक जना प्रतिनिधिहरू रहनेछन्।

(४) उपनियम (१) बमोजिमको जलस्रोत उपयोग जाँचबुझ समितिलेको जलस्रोत उपयोगमा उत्पन्न विवाद समाधान गर्दा देहायको कार्यविधि अपनाउनेछः।

(क) जलस्रोत उपयोगको परियोजनाबाट लाभान्वित हुनेस्थानीय व्यक्तिहरूबीच जलस्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्बन्धी कुनै परियोजना सञ्चालन गरेबाट स्थानीय व्यक्तिहरूलाई पर्न जाने मर्काको सम्बन्धमा विवाद उठेमा सम्बन्धित सबै



देवचुली नगरपालिका राजपत्र

अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानीय व्यक्तिहरूलाई छुट्टाछुट्टै वा सामूहिक रूपमन आ-आफ्ना दावी पुष्ट्याइँ हुने तथ्यहरू उल्लेख गरी लिखित जानकारी पेश गर्न मुनासिव माफिकको म्याद तोकी दिन पर्नेछ .

(ख) खण्ड (क) बमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी भएपछि प्राप्त परियोजना स्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतया देहायको विषयम जानकारी लिनु पर्नेछः

(अ) परियोजनाको कुल खर्च,

(आ) परियोजनाबाट हुने फाइदाको स्तर,

(इ) आयोजना सञ्चालन गर्दा सम्बन्धित जलस्रोतबाट उपयोग गरी रहेका व्यक्ति वा समूहलाई पर्न सक्ने असर,

(ई) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताको संख्या,

(उ) परियोजना सञ्चालन गर्दा वातावरणमा पर्ने प्रभाव,

(ऊ) स्थानीय जनताको आवश्यकता,

(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको प्रतिक्रिया,

(ऐ) अन्य आवश्यक कुराहरू .

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरूमा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलस्रोतको लाभदायक उपयोग भए नभएको र सो जलस्रोत उपयोग गर्न पाउने कुराको निर्धारण गरिनेछ .

(घ) उपनियम (३) को खण्ड (ग) बमोजिम जलस्रोतको उपयोगी सम्बन्ध कुराको निर्धारण गर्दा जलस्रोत उपयोग जाँचबुझ समितिले कुनै जलस्रोत उपयोग गर्ने शर्तहरू समेत तोक्न सक्नेछ ।.

परिच्छेद-५

सेवा शुल्कसम्बन्धी

**२९. वार्षिक शुल्कः**

अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरूलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत तोकिए अनुसारका अन्य निकाय र देवचुली नगरपालिकालाई बुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची -९ मा तोकिए बमोजिम हुनेछ ।.

**३०. सेवा शुल्क निर्धारण समितिः**

(१) नेपाल सरकारले विकास गरेको जलस्रोतको उपयोगको सेवा शुल्क निर्धारण गर्न र निर्धारित समयभित्र सेवा शुल्क नबुझाउने उपभोक्ताले तिर्नपर्ने अतिरिक्त सेवा शुल्कको दर समेत निर्धारण गर्न देहायका पदाधिकारीहरु रहेको एक सेवा शुल्क निर्धारण समिति रहनेछः

(क) नगर प्रमुख -अध्यक्ष

(ख) उपभोक्ताहरू मध्येबाट नगर कार्यपालिकाले तोकेको व्यक्ति - सदस्य

(ग) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार अन्य नगरपालिकाका सम्वन्धित विषयका विज्ञ, प्रदेश सरकारका सम्वन्धित विषय विज्ञ समेतलाइ आमन्त्रण गर्न सक्ने छ ।

देवचुली नगरपालिका राजपत्र

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि उक्त समिति आफैले निर्धारण गर्न सक्नेछ

(४) उपनियम (१) बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा निर्धारण शुल्क गर्दा ह्रासकट्टी दर, उपयुक्त लाभ, संरचनाको तरिका, उपभोक्ता मूल्यसूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ ।

**३१. सेवा शुल्क बुझाउनु पर्ने :**

जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरूले सेवा उपयोग गरे वापत नियम (३०) को उपनियम (३) बमोजिम सेवा शुल्क बुझाउनु निजहरूको दायित्व हुनेछ ।

परिच्छेद-६

घर जग्गा प्राप्ती तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था

**३२. निवेदन दिनुपर्ने** :

ऐनको दफा १६ को उपदफा (१) बमोजिम जलस्रोत उपयोगको लागि अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमति पत्रप्राप्त व्यक्तिले नेपाल सरकार र देवचुली नगरपालिका समक्ष अनुसूची-१० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।.

**३३. परियोजना स्थल वरिपरीको जग्गा प्रयोग गर्न निषेध गर्नसक्ने**:

(१) ऐनको दफा १६ को उपदफा (३) को प्रयोजनको लागि नेपाल सरकार र देवचुली नगरपालिकाले जलस्रोतको उपयोग सम्बन्धी



देवचुली नगरपालिका राजपत्र

परियोजनाको किसिम, बनोट, क्षमता आदि कुराहरूलाई ध्यानमाराखी त्यस्तो परियोजना क्षेत्रभित्रका घरजग्गा कुनै खास कामको लागि अरू कसैले प्रयोग गर्न नपाउने गरि निश्चित दुरी तोकी निषेध गर्न सक्नेछ ।.

(२) उपनियम (१) बमोजिम निषेध गरिएको कुराको सूचना देवचुली नगरपालिकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरी सम्बन्धित परियोजन क्षेत्रको मुख्य मुख्य ठाउँ, परियोजना कार्यालय, सम्बन्धित नगरपालिका वडा, जिल्ला समन्वय समिति र मालपोत कार्यालयमा समेत टाँस्न लगाउनु पर्नेछ ।.

**३४. क्षतिपूर्ति दिइने :**

(१) नियम ३३ बमोजिम घरजग्गा प्रयोग गरिएको गर्न निषेध कारणबाट सम्बन्धित व्यक्तिलाई भएको हानी नोक्सानी वापत दिइने क्षतिपूर्तिको रकम नियम ३५ को उपनियम (२) बमोजिम गठित क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) घरजग्गाको प्रयोगमा थप बन्देज लगाउनु पर्ने अवस्था परेकोमा बाहेक उपनियम (१) बमोजिम दिइने क्षतिपुर्तिको रकम सम्बन्धित व्यक्तिलाई एकपटक मात्र दिइनेछ ।.

**३५. क्षतिपुर्ति निर्धारण समिति**

(१) नियमावलीको नियम ३४ को उपनियम (१) बमोजिम दिनुपर्ने क्षतिपुर्तिको रकम निर्धारण गर्न देहायका अध्यक्ष र सदस्यहरू रहेको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछः

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर कार्यपालिकाले तोकेको सम्वन्धित विषयको विज्ञ - सदस्य

(ग) देवचुली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा प्रदेशस्तरीय सम्वन्धित मन्त्रालयको प्रतिनिधि आमन्त्रण गर्न सक्ने छ ।

(३) ऐनको दफा १५/१६ बमोजिम दिनुपर्ने क्षतिपुर्तिको रकम निर्धारण प्रयोजनको लागि उपनियम (१) मा तोकिएको समितिमा देहायका व्यक्तिहरूसमेत सदस्य रहनेछन्:

(क) हानी नोक्सानी भएको अचल सम्पत्तिको धनी वा निजको प्रतिनिधि - सदस्य

(ख) हानी नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रका मालपोत कार्यालयको प्रतिनिधि - सदस्य

(ग) हानी नोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रको नगरपालिकाको प्रतिनिधि -सदस्य

(४) उपनियम (१) बमोजिमको क्षतिपूर्ति निर्धारण समितिले क्षतिपूर्ति रकम निर्धारण गर्दा प्रत्यक्ष तथा वास्तविक हानी नोक्सानीको मुल्याङ्कन गरी क्षतिपूर्तिको रकम निर्धारण गर्न पर्नेछ ।.

(५) क्षतिपुर्ति निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैँले निर्धारण गर्न सक्नेछ ।.

देवचुली नगरपालिका राजपत्र

परिच्छेद-७

विविध

**३६. अधिकारी तोकिएको :**

(१) ऐनको दफा २१ को प्रयोजनको लागि देवचुली नगरपालिका जलस्रोत समितिलाई अधिकारी तोकिएको छ ।

(२) कुनै जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोतको उपयोगको सम्बन्धमा ऐनको दफा १८ को उप-दफा (१) बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा परीक्षण गर्ने गराउने अधिकार नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी तोकि दिएको अधिकारीलाई हुनेछ ।.

(३) ऐनको दफा २२ को उपदफा (१), (२) र (३) बमोजिम गर्नेसजाय प्रयोजनको लागि एउटै पालिका भित्रको भए नगर प्रमुख, एउटै जिल्ला भित्रको पालिका भए सम्वन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी, फरक फरक जिल्लाको भए सम्वन्धित विषय हेर्ने प्रदेश मन्त्रालयको सचिव, फरक प्रदेशको भए जलस्रोत मन्त्रालयको सचिवलाई तोकिएको छ ।.

**३७. सहयोग पुऱ्याउनु पर्ने** :

आफ्नो कार्य सम्पादनको सिलसिलामा देवचुली नगरपालिकाको जलस्रोत समितिसंग जलस्रोतसँग सम्बन्धित निकायबाट आवश्यकता अनुसार जलस्रोत सम्वन्धीका तथ्याङ्कहरू माग गर्न सक्नेछ र माग भए बमोजिमको तथ्याङ्कहरू उपलब्ध गराउनु सम्बन्धित कार्यलयको कर्तव्य हुनेछ ।.

देवचुली नगरपालिका राजपत्र

**३८. दुर्घटनाको सूचना** :

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग सम्बन्धी कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा जलस्रोत समितिलाई तुरुन्त सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाका कारण पत्ता लगाउन जलस्रोत समितिले आवश्यक निरीक्षण गर्न गराउनेछ प्राविधिक दृष्टिकोणबाट त्यस्तो दुर्घटना नदोहोरिने सुरक्षात्मक व्यवस्था अपनाउनु पर्नेगर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ र यस्तो आदेश पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।.

**३९. निर्देशन दिनसक्नेः**

सम्वन्धित विषयको प्रदेश मन्त्रालय,नेपाल सरकारले जलस्रोतको उपयोग सम्बन्धमा देवचुली नगरपालिका जलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशन पालनागर्नु जलस्रोत समितिको कर्तव्य हुनेछ .

**४०. अनुसूचीमा हेरफर वा थपघट गर्न सक्ने** :

नेपाल सरकार र देवचुली नगरपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ तर देवचुली नगरपालिकाका साना र मझौला सिँचाइका हकमा नगरपालिकाले मात्र हेरफेर वा थपघट गर्न पाउने छ ।

अनुसुची-१
(नियम ४ सँग सम्बन्धित)
निवेदन पत्रको  ढाँचा

श्री अध्यक्षज्यू,
देवचुली नगरपालिका  जलस्रोत समिति
...............................

महोदय,

हामीले.................................उपभोक्ता संस्थागठन गरी दर्ता गराउन चाहेकोले जलस्रोत ऐन, २०७७ को दफा ५ तथा जलस्रोत नियमावली, २०७७ को नियम ४ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाइ प्रस्तावित उपभोक्ता संस्थाको एकप्रति विधानसहित दरखास्त दिएका छौँ .

विवरणः

१,. उपभोक्ता संस्थाको नामः

२. कार्यक्षेत्रः

३. उद्देश्यहरूः

(क)

(ख)

(ग)

४. सदस्यहरूको नाम  ठेगाना  पेशा

(क)

(ख)

देवचुली नगरपालिका राजपत्र

५.  उपयोग गरिने जलस्रोतको विवरणः

(क) जलस्रोतका नाम र रहेको ठाउँः

(ख) जलस्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

६.  उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुऱ्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७.  आर्थिक स्रोतको विवरणः

८.  कार्यालयको ठेगानाः

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

ठेगानाः

देवचुली नगरपालिका राजपत्र

अनुसुची -२

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

उपभोक्ता  संस्था दर्ता प्रमाण पत्र

दर्ता मिति

दर्ता नम्बरः

मितिः.....................

श्री...............................

...................................

...................................

...............................(सम्बन्धित उपभोक्ता संस्थाको नाम...................जलस्रोत ऐन, २०७७ को दफा ५ को उपदफा (२) तथा जलस्रोत नियमावली, २०७७ को नियम ६ को उपनियम (१) बमोजिम...................साल...................महिना..............गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ, जलस्रोत ऐन, २०७७ र जलस्रोत नियमावली २०७७  बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।.

सहीः

नाम, थरः

पदः

देवचुली नगरपालिका राजपत्र

अनुसुची -३

(नियम १२ को उपनियम (१) सँग सम्बन्धित)

जलस्रोतको उपयोगको सर्वेगक्षण अनुमतिपत्रको लागि दरखास्त

मितिः...............................

श्री अध्यक्षज्यू,
देवचुली नगरपालिका जलस्रोत समिति,
..................................................

जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन जलस्रोत नियमावली, २०७७ को नियम १२ बमोजिम देहायको विवरण खुलाइ दरखास्त पेश गरेको छु .

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. सर्वेक्षण गर्ने क्षेत्रः
४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु,..........
(पुष्ट्याइँ विवरण संलग्न गर्नुपर्नेछ)
५. सर्वेक्षण गर्ने अवधिः
६. अन्य विवरणहरू (जलस्रोत नियमावली, २०७७ को नियम १२ बमोजिम माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानुन बमोजिम सहुंला बुझाउँला
संगठित संस्था भए सो संस्थाको छाप सम्बन्धित व्यक्ति गठित वा संस्थाको तर्फबाट दरखास्त दिनेको

नाम र थरः
सहीः
पदः
ठेगानाः

देवचुली नगरपालिका राजपत्र

अनुसुची-४
(नियम १४ सँग सम्बन्धित)
जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिपत्र

अनुमतिपत्र संख्या                                        मितिः...................

श्री...............................
..................................
महाशय,

तपाईँलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरि  देहायको विवरण  खोली जलस्रोत नियमावली, २०७७ को नियम १४ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।.

१. व्यक्ति वा संगठित सं:थाको पुरा नाम ठेगानाः
२. जलस्रोत सर्वेक्षणको उद्देश्य
३. जलस्रोत सर्वेक्षणको क्षेत्र
४. सर्वेक्षण गर्ने अवधि
५. अनुमतिपत्र बहाल रहने अवधि

अनुमतिपत्र दिने अधिकारीको

नामः
सहीः
पदः

देवचुली नगरपालिका राजपत्र

## अनुसुची-५
(नियम १७ सँग सम्बन्धित)
## जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त

मितिः.....................

श्री अध्यक्षज्यू,

देवचुली नगरपालिका जलस्रोत समिति

...............................................

जलस्रोतको उपयोगको निमित्त अनुमतिपत्र पाउन जलस्रोत नियमावली २०७७ को नियम १७ बमोजिम देहायका विवरणहरू समेत खुलाइ यो दरखास्त पेश गरेको छु .

१. व्यक्ति वा संगठित सस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने प्रयोजनः

४. प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाउँः

५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः

६. प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभः

७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

८. जलस्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोतः

(क). जलस्रोत उपयोग गर्ने तरिकाः

(ख). जलस्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोगः

(ग) अन्य विवरणहरूः



देवचुली नगरपालिका राजपत्र

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्ठा ठहरेमा कानूनसहूँला बुझाउला  संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिने व्यक्तिको

नाम, थरः

सहीः

पदः

ठेगानाः

देवचुली नगरपालिका राजपत्र

अनुसूची-६

(नियम (२०) सँग सम्बन्धित)

जलस्रोतको उपयोगको अनुमतिपत्र

अनुमतिपत्र संख्या

मितिः.....................

श्री..............................

..................................

महाशय,

तपाईंलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको जलस्रोत विवरण खोली नियमावली, २०७७ को नियम (२०) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ .

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. जलस्रोत उपयोगको उद्देश्यः

३. जलस्रोतको नाम, किसिम र रहेको स्थानः

४. उपयोग गर्न पाउने जलस्रोतको परिमाणः

५. जलस्रोत उपयोगको क्षेत्रः

६. जलस्रोत उपयोग गर्ने तरिकाः

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या

८. अनुमतिपत्र वहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको

नामः

सहीः

पदः

देवचुली नगरपालिका राजपत्र

अनुसुची-७
(नियम २४ को उपनियम (२) सँग सम्बन्धित)
जलस्रोतको उपयोग अनुमतिपत्र

अनुमतिपत्र संख्या

मितिः......................

श्री...............................

...................................

महाशय,

तपाईंले अनुमतिपत्र पाउन मिति.....................मा दिनु भएको दरखास्त बमोजिम देहायको विवरणहरू खुलाइ जलस्रोत ऐन, २०७७ को दफा ८ को उपदफा (४) र जलस्रोत नियमावली, २०७७ को नियम २४ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएकोछ.

१. जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगाना
२. जलस्रोत उपयोगसँग सम्बन्धित परियोजनाको नाम र किसिमः (प्रत्येक उपयोगसँग सम्बन्धित)
३. जलस्रोतको नाम र रहेको स्थानः
४. जलस्रोतको उपयोग भएको परिमाणः
५. जलस्रोत उपयोगबाट उपलब्ध गराइएको सेवा र त्यसको बिस्तार क्षेत्र अञ्चल..............................जिल्ला ............. गाउंपालिका............. नगरपालिका ...................
६. उपभोक्ता संख्या र त्यसको किसिमः
७. सेवा उपलब्ध गराउन शुरु गरेको मितिः
८. अनुमतिपत्र बहाल रहने अवधिः
९. अन्य शर्तहरूः

अनुमतिपत्र दिने अधिकारीको
नामः
सहीः
पदः

देवचुली नगरपालिका राजपत्र

# अनुसूची -८

(नियम १२ को उपनियम (२) नियम २५ र नियम २६ को उपनियम २ सँग सम्बन्धित)

## अनुमतिपत्र दस्तुर

| सि.नं | जलस्रोत उपयोगको किसिम | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | खानेपानी र घरेलु उपयोग | ५००।- | |
| २ | साना सिंचाइ | ५००।- | |
| ३ | पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | ५००।- | |
| ४ | घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | १०००।- | |
| ५ | जल यातायात | १५००।- | |
| ६ | आमोद प्रमोद उपयोग | १५००।- | |
| ७ | अन्य उपयोग | १५००।- | |

देवचुली नगरपालिका राजपत्र

## अनुसूची-९
(नियम २९ सँग सम्बन्धित)
## जलस्रोतको उपयोग वापत बुझाउनुपर्ने वार्षिक शुल्क

१. सिँचाइको हकमा

(क) दुई हजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न प्रति हेक्टर रु, एक सयका दरले अधिकतम रु,१०००।-

(ख) दूई हजारदेखि पाँच हजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न रु, २०००।-

(ग) पाँच हजारदेखि दस हजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न रु, ५०००।-

(घ) दस हजारदेखि पन्ध्रहजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न रु, १००००।-

(ङ) पन्ध्र हजारदेखि बीस हजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न रु, १५०००।-

(च) बीस हजारदेखि पच्चीस हजार हेक्टरसम्मको जमीन सिँचाइ गर्न रु, २००००।-

(छ) पच्चीस हजार हेक्टर भन्दाबढी सिँचाइ गर्न रु, २५०००।-

२. खानेपानीको हकमा

(क) दुई हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यस्था गर्न रु, ५००।-

(ख) दुई हजारदेखि पाँच हजारसम्मको जनसंख्यालाई खानेपानीको रु,२०००।-

देवचुली नगरपालिका राजपत्र

(ग) पाँच हजारदेखि दस हजारसम्मको जनसंख्यालाई खानेपानीकोगर्न व्यवस्था गर्न रु ५०००।- (घ) दस हजारदेखि पन्ध्र हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु, १००००।-

(ङ) पन्ध्र हजारदेखि बीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न . रु, १५०००।- (च) बीस हजारदेखि पच्चीस हजारसम्मको जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु, २००००।-

(छ) पच्चीस हजार भन्दाबढी जनसंख्यालाई खानेपानीको व्यवस्था गर्न रु, २५०००।-

३. कृषिजन्य उपभोगको लागि रु, २०००।- देखि ५,०००।-सम्म वार्षिक पानी प्रयोगको परिमाण आधारमा

४. घरेलु उद्योगको लागि रु, २०००।- देखि १०,०००।--सम्म वार्षिक पानी प्रयोगको परिमाणको आधारमा

५. औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु, ५०००।- देखि ५००००।- सम्म पानी प्रयोगको परिमाणको आधारमा .

६. आमोद प्रमोदजन्य प्रयोगको लागि रु, १०००।- देखि १०,०००।-सम्म कारोवारको आधारमा .

७. अन्य प्रयोगको लागि रु, ५०००।- देखि १०,०००।-सम्म वार्षिक कारोवारको आधारमा .

देवचुली नगरपालिका राजपत्र

अनुसूची-१०
(नियम ३२ सँग सम्बन्धित)
जग्गा उपयोग वा प्राप्तिको लागि दरखास्त

मिति.......................

श्रीमान्.................................
देवचुली नगरपालिका जलस्रोत समिति
महोदय,

जलस्रोतको उपयोगको सिलसिलामा निर्माण कार्य शुरु गर्नका लागि तपसिलमामा उल्लेखित घर जग्गा उपयोग गर्नुपर्ने वा प्राप्त गर्नुपर्ने भएकोले नियमअसार उपयोग गर्न पाउने गरि  वा प्राप्त गराइ पाउन यो दरखास्त पेश गरेको छु .

तपसिल

संगठित सस्था भए सो संस्थाको छाप सम्बन्धित व्यक्ति वा संस्था

संस्थाको तर्फबाट दरखास्त दिनेको
नामः र थरः
सहीः
पदः
ठेगानाः

आज्ञाले
गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत



देवचुली नगरपालिका राजपत्र